मुसिकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रुद्रबेणी, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सूचना (३०)

प.सं.:२०८२/८३

# कवाडी करको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ।

## (प्रकाशित मिति: २०८२।०६।१२)

यस नगरपालिका क्षेत्र भित्रबाट आ.व.२०८२।८३ मा संकलन भई अन्यत्र निकासी हुने कवाडी माल सामान (सबै किसिमका सिसाजन्य पदार्थहरु, फलामजन्य पदार्थहरु तथा प्लाष्टिकजन्य पदार्थहरु) मा लाग्ने कवाडी कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । ईच्छुक सम्वन्धित कामको लागि इजाजत प्राप्त तथा मूल्य अभिवृद्धि करमा दर्ता फर्महरुले तपसील बमोजिमको शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन अनुरोध छ ।

तपसील

- कवाडीजन्य पदार्थ उठाउन पाउने क्षेत्र: मुसिकोट नगरपालिका क्षेत्र भर
- न्यूनतम कवोल गर्नु पर्ने रकम रु. २,००,०००। (मू . अ. क. सहित दुइ लाख मात्र )
- फाराम दस्तुर रु. १०००। (एक हजार मात्र)
- शिलवन्दी दरभाउपत्र फाराम सूचना प्रकाशन भएको मितिले १५ औ दिन (मिति २०८२ असौज २६ गते) सम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । खरिद भएका फाराम सूचना प्रकाशन भएको १६ औ दिनको दिउसो १२:०० वजे भित्र कार्यालयमा दर्ता गर्नु पर्नेछ । दर्ता भएका फाराम सोही दिनको १:०० वजे यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्ने फर्मधनि/व्यक्तिहरुको उपस्थितिमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । शिलवन्दी दरभाउपत्र फाराम खरिद तथा पेश गर्ने दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाइ क्रमश शिलवन्दी दरभाउपत्र फाराम खरिद दर्ता गर्ने अन्तिम दिन मानिनेछ ।
- शिलवन्दी दरभाउपत्र फाराममा सम्वन्धित फर्मको छाप लगाइ हस्ताक्षर गर्नु पर्नेछ ।
- कवोल रकम अंक र अक्षरमा प्रस्ट रुपमा लेख्नु पर्नेछ ।
- दरभाउपत्र स्वीकृत भइ पत्राचार भएको मितिले ७ दिन भित्र सम्झौता गर्नुपर्नेछ । निर्धारित समयमा सम्झौता गर्न नआएमा दोश्रो बढी कवोल गर्ने फर्म वा व्यक्ति संग सम्झौता गरिनेछ ।
- सम्झौता भएको मिति देखि २०८३ असार मसान्त सम्म कवाडि संकलन तथा निकासी गर्न सकिनेछ ।
- कवोल गरेको सम्पूर्ण रकम ठेक्का सम्झौताको वखत कार्यालयको ग्लोबल आइ. एम. इ वैक वामीमा रहेको ग.१.१. आन्तरिक राजश्व खाता (खाता नं. ०७२०४०१००००००४)मा दाखिला गर्नु पर्नेछ ।
- शिलवन्दी दरभाउपत्र फाराम पेश गर्दा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, मू.अ.क. दर्ता प्रमाण पत्रको प्रतिलिपि र आ.व. ०८१/०८२ कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
- थप जानकारीको लागि कार्यालयको फोन नं. ०७९४१२१४५ मा सम्पर्क गर्न सकिनेछ ।

०८२।०६।०९

मुना ज्ञवाली

नि. प्रमुख प्रशासकीय अधिकृत

"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

मुसिकोट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सूचना ३१
प.सं.: ०८२/०८३

## कवाडी करको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना ।

(प्रकाशित मिति: २०८२।०६।१२)

यस नगरपालिका क्षेत्र भित्रबाट आ.व.२०८२।८३ मा संकलन भई अन्यत्र निकासी हुने कवाडी माल सामान (सबै किसिमका सिसाजन्य पदार्थहरु, फलामजन्य पदार्थहरु तथा प्लाष्टिकजन्य पदार्थहरु) मा लाग्ने कवाडी कर संकलन गर्न ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले १५ (पन्ध्र) दिने सूचना प्रकाशन गरिएको छ । ईच्छुक व्यक्ति वा फर्महरुले तोकिएका शर्तहरुको अधिनमा रही सूचना प्रकाशन भएको मितिले १५ औ दिन सम्म (मिति २०८२ असौज २६ गते) कार्यालय समयभित्र फाराम खरिद गरी पेश गर्नु हुन अनुरोध छ ।

विस्तृत जानकारीको लागि कार्यालयको वेभसाइट www.musikotmungulmi.gov.np मा हेर्न सकिनेछ ।

०८२/०६/०९

मुना ज्ञवाली
नि. प्रमुख प्रशासकीय अधिकृत